# प्रदेशमा विगत ३ वर्षको वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयनको अवस्था बारे अध्ययनको लागि तयार गरिएको कार्य क्षेत्रगत शर्त (TOR)

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
मुकाम बुटवल, नेपाल

महाशाखा प्रमुख

## १.पृष्ठभूमी :-

दिगो विकासका लक्ष्य हासिल गर्न वन क्षेत्रको उल्लेखनीय योगदान रहेको छ। स्थानीय समुदाय र राज्य संरचनाको निरन्तर प्रयासबाट हाल नेपालको वन क्षेत्र कूल भूभागको ४४.७४ प्रतिशत पुगेको छ । यसबाट स्थानीय बासिन्दाको वन पैदावारको दैनिक आवश्यकता परिपुर्ती गर्नुका साथै वातावरणीय सन्तुलनमा अहम भूमिका निर्वाह गरेको छ । सरकारले राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन,सामुदायिक वन, साझेदारी वन, कबुलयति वन, धार्मिक वनको रुपमा व्यवस्थापन गर्दै आएको छ ।

नेपालमा बैज्ञानिक वन ब्यवस्थापनको प्रचार प्रसार धेरै पहिले देखि FMUD,BFSEPST जस्ता आयोजनाबाट शुरुवात गरिएको भएता पनि पछिल्लो समय आ.व.२०६७/०६८ मा यसै प्रदेशको कपिलवस्तुको एक साझेदारी वनमा लागु गरिएको थियो । त्यस पछिका दिनहरुमा देशका विभिन्न जिल्लाहरुमा विस्तार हुन पुगेको छ ।हालसम्म यस प्रदेशमा ८ वटा साझेदारी वन २ वटा चक्ला वन र करिव २२० वटा सामुदायिक वन हरुमा वैज्ञानिक वन व्यवस्थापनका कार्यहरु भैरहेको छ ।बैज्ञानिक वन ब्यवस्थापनको हिसावले यो प्रदेश अग्रपँत्तिमा रहेको छ ।यस कार्यक्रमले वन पैदावार को आश्यकता परिपूर्ती गर्नुका साथै कुल ग्राहस्थ उत्पादन र रोजगारी सृजनामा महत्वपूर्ण योगदान पुर्याएको छ । पुनरुत्पादन वृद्धि भइ वनको अवस्थामा सुधार हुँदै गएको पाइन्छ ।यस कार्यक्रमले वन क्षेत्रमा के कस्तो प्रभाव पारेको छ र यस कार्यक्रमको अवस्था के छ भन्ने विषयमा जानकारी हासिल गर्दै आगामी दिनहरुमा वैज्ञानिक वन ब्यवस्थापनको कार्यलाई कसरी अगाडी बढाउन उपयुक्त हुन्छ भनि यो कार्यक्रम प्रस्ताव गरिएको छ ।

## २.कार्यक्रमको लक्ष्य :-

यस कार्यको लक्ष्य हाल सम्मको लुम्बिनी प्रदेशमा वैज्ञानिक वन व्यवस्थापन को हाल सम्मको अवस्था पत्ता लगाई भविश्यको लागी मार्गचित्र तयार गर्नु रहेको छ ।

## ३. कार्यक्रमको उद्देश्य :-

कुनै पनि कार्यक्रम को के कस्तो प्रभाव परेको छ र कार्यक्रम कार्यान्वयनको अवस्था के कस्तो छ सो को जानकारी हुनु जरुरी छ । यसबाट भैरहेको कार्यक्रमलाई आगामी दिनहरुमा कसरी सञ्चालन गर्दा प्रभावकारी रुपमा गर्न सकिन्छ र कार्यक्रमबाट सरोकारवालाहरुलाई बढी भन्दा बढी फाईदा पुर्याउन सकिन्छ भन्ने थाहा हुने भएकोले यस प्रदेशमा सञ्चालनमा रहेको वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयनको ३ वर्षको अवस्था अध्ययन गर्न लागिएको हो । यस अध्ययनका मुख्य उद्देश्य निम्नानुसार रहेका छन् ।

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

१. प्रदेशमा के कति सामुदायिक वन, साझेदारी वन, चक्ला वनमा वैज्ञानिक वन ब्यवस्थापन गरिएको छ सो को संख्या तथा क्षेत्रफलको यकिन तथ्याङ्क संकलन गरी विवरण अध्यावधिक गर्ने । र हाल सम्ममा बैज्ञानिक वन ब्यवस्थापन गर्दा कति क्षेत्रफलमा पुनरुतपादन कटान भएको छ वन अनुसारको क्षेत्रफलको विवरण तयार गर्ने ।

२. कार्यक्रम लागु गरिएका सवै वन क्षेत्रमा स्विकृत बैज्ञानिक वन ब्यवस्थापन कार्ययोजना अनुरुपका कृयाकलापहरु तोकिएको स्थान,तोकिएको परिमाण र समयमा सम्पादन भएको छ छैन यकिन गर्ने ।

३. वैज्ञानिक वन ब्यवस्थापन लागु गरिएका वनहरुमा वर्ष अनुसारको पुनरुत्पादनको अवस्था,सो को संरक्षण र अभिवृद्धीको अवस्था कस्तो छ सो को विस्तृत विवरण प्राप्त गर्ने ।

४. वैज्ञानिक वन ब्यवस्थापन लागु गरिएका वनहरुमा वन संरक्षणको अवस्था र संरक्षणको तरिकाको विवरण तयार गर्ने ।

५. वैज्ञानिक वन ब्यवस्थापन लागु गरिएका प्रत्येक वनबाट विगत ३ वर्षमा पुनरुत्पादन कटान गरिएको क्षेत्रबाट उत्पादित वनपैदावारको प्रजाती र ग्रेड अनुसारको विवरण प्राप्त गर्ने ।

६. उत्पादित वन पैदावारको समुह भित्र र बाहिर विक्रीवितरण परिमाण र सो बाट प्राप्त मूल्य (उपभोक्तालाई र नेपाल सरकारलाई) को विवरण तयार गर्ने ।

७. समूह भित्र काठ / दाउरा विक्री वितरण प्रकृयाको जानकारी प्राप्त गर्ने ।

८. बैज्ञानिक वन ब्यवस्थापनको लागी सरकारले उपलब्ध गराएको र समुहको लगानीको अनुपात एवँ सरकारी लगानीको रकम र कुन कार्यमा खर्च भएको छ सो को जानकारी हासिल गर्ने ।

९. बैज्ञानिक वन ब्यवस्थापनको माध्यमबाट स्थानिय स्तरमा परेको आर्थिक तथा सामाजिक प्रभाव प्रभावको लेखाजोखा गर्ने ।

१०. बैज्ञानिक वन ब्यवस्थापनको बारेमा समुहको धारणा र सुधारको लागी सुझाव प्रस गर्ने ।

११.बैज्ञानिक वन ब्यवस्थापन गरिएका वनहरुको संरक्षणमा समूहको संलग्नता निर्णय प्रक्रियाको विश्लेषण गर्ने ।

१२.बैज्ञानिक वन ब्यवस्थापन सम्बन्धमा राष्ट्रियस्तरमा गठित विभिन्न समितिहरुका प्रतिवेदनहरुको समेत अध्ययन गरी सो प्रतिवेदनहरुमा उल्लेखित विवरणहरुको विश्लेषण गर्ने ।

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

प्रदेश सरकार
लुम्बिनी प्रदेश
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
बुटवल, नेपाल

## ४. कार्यक्षेत्र :-

परामर्शदाताले यस प्रदेशका बैज्ञानिक वन ब्यवस्थापन कार्यक्रम लागु भएका सवै जिल्लाहरुको अध्ययन गर्नु पर्नेछ । बैज्ञानिक वन ब्यवस्थापन कार्यक्रम लागु भएका सवै जिल्लाहरुको स्थलगत अध्ययन अवलोकन गरी उदेश्य हासिल गर्नको लागी गरिने सम्पुर्णकार्यहरु गर्नु पर्नेछ । यस प्रदेशमा रहेका १२ वटा जिल्लाहरु मध्ये तराईका ६ वटा जिल्लामा साझेदारी वन,चक्ला वन र सामुदायिक वनमा यो कार्यक्र लागुभएको र पहाडको पूर्वी रुकुम वाहेकका ५ वटा जिल्लाहरुमा सामुदायिक वनमा मात्र लागुभएको हुँदा यस प्रदेश भित्रका १३ वटा डिभिजन वन कार्यालय अन्तर्गतको क्षेत्र नै अध्ययनको कार्य क्षेत्र रहने छ ।

## ५. परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यहरु :-

| क.स. | सम्पादन गर्नुपर्ने कार्यहरु |
|---|---|
| १ | बैज्ञानिक वन ब्यवस्थापन सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकार बाट जारी गरिएका कानूनी घोषणा,ऐन,नियम,निर्देशिका,मापदण्डतथा परिपत्रहरको अध्ययन गर्ने |
| २ | नेपालमा बैज्ञानिक वन ब्यवस्थापन कार्यक्रम कहिले देखि कहाँबाट शुरु भयो यसको लक्ष्य तथा उद्धेश्य के थियो र यस प्रदेमा कहिले देखि शुरुवात भयो सो सम्बन्धमा अध्ययन गरी प्रतिवेदनमा समावेश गर्ने । |
| ३ | स्विकृत कार्ययोजना बमोजिम पुनरुत्पादन कटानको कार्य गरिएको छ छैन,पुनरुत्पादन कटान गरिएको स्थानमा पुनरुत्पादनको अवस्था कस्तो छ सो को विस्तृत तथ्याङक लिने र प्रजाति र स्थान अनुसार पुनरुत्पादनको सरदर वार्षिक वृद्धी (उचाई) को जानकारी लिने साथै पुनरुतपादन कटान बाहेकका वन सम्बर्धनका अन्य कार्यहरु सुचारु रुपमा भए नभएको अध्ययन गर्ने । |
| ४ | बैज्ञानिक वन ब्यवस्थापन लागु गरिएका वनहरुमा वन संरक्षणको अवस्था र संरक्षणको तरिका अध्ययन गर्ने र प्रत्येक वनबाट उत्पादित वनपैदावारको तथ्याङक संकलन गरी उत्पादित वन पैदावारको बिक्रीवितरण प्रक्रिया र सो बाट प्राप्त मूल्य (उपभोक्तालाई र नेपाल सरकारलाई) को तथ्याङक संकलन गर्ने । |

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

| | |
|---|---|
| ५ | वैज्ञानिक वन व्यवस्थापनको लागी सरकारले उपलब्ध गराएको रकम तथा वन पैदावार विक्री वितरण र अन्य श्रोतबाट प्रप्त रकम कुन कार्यमा के कसरी खर्च भएको छ सो को अध्ययन गर्ने र बैज्ञानिक वन व्यवस्थापनको माध्ययमबाट स्थनिय स्तरमा परेको प्रभावको लेखाजोखा गर्ने ।बैज्ञानिक वन व्यवस्थापनको माध्ययमबाट श्रृजना भएको रोजगारीको आँकलन गर्ने । |
| ६ | यस प्रदेशमा वैज्ञानिक वन व्यवस्थापन लागु भएका प्रत्येक वनहरुको GPS Location लिने र एकिकृत रुपमा प्रदेशको जिल्लाहरु देखिने नक्शामा समावेश गर्ने । |
| ७ | यस कार्य क्षेत्रगत शर्त (TOR) को बुँदा नं ३ मा उल्लेख गरिएको १२ वटा उद्धेश्य प्राप्त गर्नको लागी गर्नु पर्ने सम्पुर्ण कार्यहरु गर्ने । |
| ८ | परामर्शदाताले सम्झौता भए पश्चात अध्ययनको कार्य शुरु गरी प्रारम्भिक प्रतिवेदन (**Inception Report**) मन्त्रालयमा पेश गर्नु पर्ने छ तत्पश्चात बुँदा नं ३ को क्र.स. १ देखि १२ सम्मका क्रियाकलापहरुको विश्लेषण गरी मस्यौदा प्रतिवेदन(Draft Report) तयार गरी मन्त्रालयमा सरोकारवालाहरु विच प्रस्तुतिकरण गर्नु पर्नेछ र मन्त्रालयबाट तथा अन्य सरोकारवालाहरुबाट प्राप्त राय सुझाव समेटी नेपाली भाषामा १० प्रति अन्तिम प्रतिवेदन(Final Report) र सो को Soft copy समेत मन्त्रालयमा पेश गर्नु पर्नेछ। |

## ६.कार्य सम्पादन गर्ने विधी (methodology) :-

परामर्शदाताले निम्नानुसारको विधि अपनाई अध्ययनको कार्य सम्पादन गर्नु पर्नेछ ।

### ६.१ फिल्ड जानु पहिले

परामर्शदाताले कार्य सञ्चालनको लागी स्थलगत रुपमा फिल्डमा खटिनु अगाडी निम्न विषयवस्तुहरुको अध्ययन गर्नु पर्नेछ ।

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

सन्दर्भ सामाग्रीहरुको पुनरावलोकन

(क) नीतिगत व्यवस्था

पन्ध्रौ योजना (२०७६/०७७-२०८०/०८१),

राष्ट्रिय वन नीति २०७५,

वनक्षेत्रको रणनीति २०७३, वन नीति २०७१,

नेपाल जैविक विविधता सम्बन्धि रणनीति तथा कार्ययोजना २०७१,

जलवायु परिवर्तन नीति, २०६७,

लैङ्गीक समानता तथा सामाजिक समावेशीकरण नीति, २०६६

ख) विद्यमान कानुनी व्यवस्था

रोजगारीको हक सम्बन्धी ऐन २०७५,

वन ऐन २०७६

वातावरण संरक्षण ऐन २०७६,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) निर्देशिका तथा दिग्दर्शनहरु (शंशोधितसमेत)

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५,

बैज्ञानिक वन व्यवस्थापन कार्यविधी, २०७१

सामुदायिक वन स्रोतसर्वेक्षण मार्गदर्शन (परिमार्जित), २०६१

सामुदायिक वन उपभोक्ता समुहको आर्थिक कार्यविधि निर्देशिका, २०७३

वन पैदावार संकलन तथा बिक्रिवितरण निर्देशिका, २०७३

म.ले.प.ले तयार गरेका बैज्ञानिक वन व्यवस्थापन सम्बन्धि कार्यमुलक प्रतिवेदन

विभिन्न अध्ययन प्रतिवेदनहरु

अधिकृतस्तर (आठौं)



महाशाखा प्रमुख

### (घ) अन्य सन्दर्भ स्रोतको अध्ययन :-

अध्ययनको क्रममा परामर्शदाताले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालयका साथै लुम्बिनी प्रदेशका सवै जिल्लाहरुमाका डिभिजन वन कार्यालयहरु,अन्य सरकारी निकाय तथा सघंसंस्थावाट प्रकाशित तथा अप्रकाशित बैज्ञानिक वन व्यवस्थापन सम्वन्धि विभिन्न अभिलेखहरुको अध्ययन तथा विश्लेषण गरी आवश्यक तथ्याङ्क प्राप्त गर्नुका साथै बैज्ञानिक वन व्यवस्थापन लागु भएका वनहरुको प्रारम्भिक विवरण तयार गर्नु पर्नेछ ।

## ६.२ फिल्डमा गर्नुपर्ने कार्य र अवलम्बन गर्नु पर्ने विधी :-

परामर्शदाताले स्थलगत रुपमा बैज्ञानिक वन व्यवस्थापन लागु गरिएका वन क्षेत्रको स्थलगत भ्रमण र आवश्यक्ता अनुसार सर्वेक्षण मापन गरी उक्त वन क्षेत्रमा गरिएका कृयाकलापहरु (पुनरुत्पादन कटान,उत्पादित पुनरुत्पादन विरुवाको अवस्था,वन संरक्षण र वन डढेलो रोकथामको लागी गरिएका कार्यहरु आदी) को अवस्थाको बारेमा स्विकृत कार्ययोजना संग तुलना समेत गरी यस कार्य क्षेत्रगत शर्त (TOR) को बुँदा नं ५ मा उल्लेखित कार्यहरु सम्पादन गर्नु पर्नेछ ।यसका साथै निम्नानुसारका सरोकारवालाहरुसंग छलफल तथा अन्तरक्रिया गरी बैज्ञानिक वन व्यवस्थापनकोअवसर तथा चुनौती र सुधार गर्नु पर्ने विषयमा जानकारी संकलन गर्नु पर्नेछ ।

- सामुदयिक वन उपभोक्ता समूह, साझेदारी वन व्यवस्थापन समुह/समिति,चक्ला वन ब्यवस्थापन संग सम्बन्धित कर्मचारीहरु, सामुदायिक वन उपभोक्ता महासंघ, साझेदारी वन उपभोक्ता महासंघ ।
- उद्योग वाणिज्य संघ, काष्ठ व्यवसायी संघ,गैर काष्ठ व्यवसायी संघ, वनमा आधारित उद्योग व्यवसायीहरु ।
- स्थानियय तहका जनप्रतिनिधहरु तथा गाउँपालिका /नगरपालिका / उपमहानगर पालिकाहरु
- उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश वन निर्देशनालय, डिभिजन वन कार्यालयहरु, पर्यटन विकास आयोजना, उद्योग तथा घरेलु कार्यालय लगायतका सरकारी कार्यालयहरु ।
- वनजन्य सेवाहरु सञ्चालन गर्ने व्यवसायी, उद्यमी व्यक्ती तथा संस्थाहरु ।

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

## ६.३ फिल्ड कार्य पश्चात गर्ने कार्य र विधी :-

प्रदेश सरकार
... प्रदेश
... उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
... नेपाल

### (क) मस्यौदा प्रतिवेदन तयारी :-

- वैज्ञानिक वन व्यवस्थापन लागु गरिएका वन क्षेत्रहरुको स्थलगत अध्ययन र सरोकार वालाहरु संग छलफल तथा अन्तरक्रिया पश्चात कुन जिल्लामा कति वनहरुमा वैज्ञानिक वन ब्यवस्थापन लागु गरिएको छ सो को जिल्लागत रुपमा वनको प्रकार ( साझेदारी,चक्ला,सामुदायिक) संख्या र क्षेत्रफल समावेस गरी तालिका तयार गर्ने र प्रदेशमा विगत ३ वर्षको वैज्ञानिक वन व्यवस्थापनको कार्यान्वयनको बारेमा अध्ययन गरी यसको अवस्था,अवसर तथा चुनौतीको बारेमा प्राप्त सुझाव तथा तथ्याङ्कको बारेमा अध्ययन तथा विश्लेषण गर्ने ।
- प्रदेशमा रहेका वैज्ञानिक वन ब्यवस्थापनलागुगरिएका वनहरुको एकिकृत नक्शा तयार गर्ने
- स्रोत सामाग्रीको अध्ययन,स्थलगत अवलोकन / अध्ययन तथा विभिन्न सरोकारवालाहरु संग गरिएको छलफलबाट प्राप्त तथ्यांक तथा सूचना र यस कार्य क्षेत्रगत शर्तको दफा ५ मा परामर्शदाताले सम्पादन गर्नुपर्ने कार्यहरु भनि उल्लेख गरिएका क्र.सं.१ देखि ८ सम्मका कार्यहरु को आधारमा प्रदेशमा वैज्ञानिक वन व्यवस्थापनको अवस्थाको विवरण सहितको प्रतिवेदनको मस्यौदा तयार गर्ने ।(मस्यौदा नेपाली भाषामा तयार गर्नुपर्ने छ)।

### (ख) मस्यौदा प्रतिवेदन उपर छलफल :-

- मस्यौदा प्रतिवेदन लाई परिस्कृत गर्न विज्ञहरुसँग छलफल तथा अन्तक्रिया कार्यक्रमको आयोजना गर्ने
- विज्ञहरुबाट प्राप्त सुझावहरुलाई मस्यौदामा समावेश गर्ने ।
- प्रदेशमा वैज्ञानिक वन ब्यवस्थापनको कार्यान्वयनलाई दिगो तथा सुरक्षित र प्रभावकारी बनाउने उपायहरु सहित ब्वस्थापन योजना तयार गरी सुझाव सहित प्रतिवेदनमा समावेश गर्ने
- प्रदेशस्तरमा प्रतिवेदन पेश गरी छलफल गराई राय सुझाव संकलन गर्ने र संकलित राय सुझाव समावेश गरी प्रतिवेदनलाई अन्तिम रुप दिने ।

## ७. अनुगमन र सहजीकरण :-

सम्बन्धित कार्यको गुणस्तर नियन्त्रण गर्न मन्त्रालयवाट कामको आवश्यक अनुसार टोली खटाईने छ । परामर्श दाताको Field टोलीले मन्त्रालय सँगै नियमित सम्पर्कमा रही कार्य गर्नुपर्ने छ र मन्त्रालयवाट खटिने टोलीले सचिव र महाशाखा प्रमूखलाई नियमित रिपोटिङ्ग गर्नु पर्नेछ ।

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

## ८. मन्त्रालयले गर्ने सहयोग :-

मन्त्रालयले मातहतका सम्वन्धित डिभिजन वन कार्यालयहरु सँग वैज्ञानिक वन व्यवस्थापनका कार्ययोजना र भए गरेका तथ्याङ्क/प्रकाशनहरुलाई परामर्शदाताहरुलाई उपलब्ध गराईदिन समन्वय गरिदिनेछ। फिल्डको लागी आवश्यक पर्ने औजार उपकरणहरुहरु परामर्शदाताले नै व्यवस्था गर्नु पर्नेछ साथै अध्ययनको क्रममा लाग्ने सम्पुर्ण खर्च परामर्शदाताले नै व्यहोर्नुपर्ने छ ।

## ९. परामर्श दाताले पेश गर्नुपर्ने प्रतिवेदनहरु र अन्य विषयहरु :-

### ९.१ प्रारम्भिक प्रतिवेदन (Inspection report) :-

- पहिले भएका समान प्रकृतिका अध्ययन र निचोडहरु
- अध्ययनको अन्तिम विधी
- प्रारम्भिक जानकारीहरु
- फिल्डको समय तालिका र समग्र कामको तालिका

### ९.२ फिल्ड प्रतिवेदन :-

- संकलन गरिएका तथ्याङ्क
- अध्ययन गरिएका वनहरुको नक्साहरु
- अध्ययन गरिएका क्षेत्रको/स्थलको GPS location
- फिल्ड फोटोहरु
- वैज्ञानिक वन व्यवस्थापन गरिएको वनक्षेत्रको नक्शाहरु

### ९.३ मस्यौदा प्रतिवेदन :-

कार्यक्रमको उद्देश्य वमोजिम संकलित तथ्याङ्कको विश्लेषण सहित सवै विषयहरु समेटीएको मस्यौदा प्रतिवेदन मन्त्रालयमा सुझावको लागी पेश गर्नुपर्नेछ ।

### ९.४ कार्यशाला गोष्ठी :-

मन्त्रालयवाट प्राप्त सुझावलाई समेत समेटी तयार भएको अन्तिम मस्यौदा प्रतिवेदनलाई परामर्शदाताले मन्त्रालय र सरोकारवालाको उपस्थितीमा कार्यशाला गोष्ठीको आयोजना गरी सुझाव संकलन गर्नुपर्नेछ ।

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

### ९.५ अन्तिम प्रतिवेदन :-

सरोकारवाल सँगको अन्तिम छलफलबाट प्राप्त सुझाव समेत समेटेर अन्तिम प्रतिवेदन तोकिएको मिति भित्रै पेश गर्नुपर्नेछ । प्रतिवेदन पेश गर्दा डिजिटल कपी, तोकिएको संख्यामा Hard copy र सम्झौतामा तोकिएका अन्य विवरणहरु पेश गर्नुपर्नेछ ।

## १०. समय सिमा :-

यस कार्यको लागी सम्झौता भएको मितिले कूल १३५ दिन समय तोकिएको छ । परामर्शदाताले निम्न समय सिमामा निम्न कार्य सम्पादन गर्नुपर्नेछ ।

| सि.नं. | कार्य प्रगती सुचक | समय सिमा |
|---|---|---|
| १ | प्रारम्भिक प्रतिवेदन पेश | सम्झौता भएको १५ दिन भित्र |
| २ | मस्यौदा प्रतिवेदन पेश | सम्झौता भएको १२० दिन भित्र |
| ३ | अन्तिम प्रतिवेदन पेश | सम्झौता भएको १३५ दिन भित्र |

## ११. मुख्य जनशक्ती, जनशक्ती को योग्यता र उपलब्ध गराउनु पर्ने समय :-

परामर्श दाताले कार्य सम्पादनको लागी निम्न जनशक्तीको टिम निम्न समयको लागी उपलब्ध हुने सुनिश्चिता गर्नुपर्नेछ ।

| क्र.सं. | जिम्मेवारी | विज्ञता | शैक्षिक योग्यता | जना | समय (महिना) |
|---|---|---|---|---|---|
| १. | टिम लिडर | वन विज्ञ | जनरल फरेष्ट्रिमा स्नातकोत्तर र कम्तीमा ७ बर्षको कार्य अनुभव | १ | ४.५ |
| २. | सदस्य | सामाजिक आर्थिक विज्ञ | अर्थशास्त्रमा स्नातकोत्तर र कम्तीमा ५ बर्षको कार्यअनुभव | १ | २.५ |
| ३. | सदस्य | जि.आई.एस./ डाटाएनालिष्ट | तथ्याङक शास्त्रमा स्नातक तह पुरा गरी जि.आई.एस.सम्बनधी ज्ञान हासिल गरेको तथ्याङक संकलन तथा विश्लेषणमा कम्तीमा ५ बर्षको कार्य अनुभव | १ | २.५ |
| ४. | | रेञ्जर | जनरल फरेष्ट्रिमा स्नातक र कम्तीमा ५ बर्षको कार्य अनुभव | २ | ४.५ |

**नोट-** छिटो र गुणस्तरिय कार्य सम्पादन गर्नको लागी परामर्शदाताले माथिउल्लेखित जनशक्ति बाहेक सोही बमोजिमको योग्यता पुगेका थप जनशक्ती परिचालन गरी कार्य सम्पन्न गर्न सक्नेछ र कार्य संचालन गर्नु पूर्व थप जनशक्तिको विवरण र बायोडाटा यस मन्त्रालयमा पेश गर्नु पर्नेछ । थप जनशक्ति प्रयोग भएको अवस्थामा सम्झौतामा उल्लेख भए बाहेक यस मन्त्रालयबाट थप रकम उपलब्ध गराईने छैन ।

अधिकृतस्तर (आठौं)

९

महाशाखा प्रमुख

## १२. परामर्श दाता संस्था/फर्म/कम्पनीको वान्छनीय योग्यता :-

प्रस्ताव गरेको काम सँगै मिल्ने समान प्रकृतीको कामको कम्तीमा सात वर्षको अनुभव परामर्शदातामा हुनुपर्दछ । उक्त कागजातका अतिरिक्त परामर्श दाताले प्रस्ताव साथ निम्न कागजात पेश गर्नुपर्नेछ ।

- प्रस्ताव सम्वन्धी आवेदन
- संस्थाको उद्देश्य र लक्ष्यहरु
- संस्थाको कानूनी दस्तावेज (दर्ता, नविकरण, भ्याट/प्यान दर्ता, कर चुक्ता)
- विगत ३ वर्षमा भएको कारोवारको विवरण
- कामसँग सम्वन्धित भौतिक संरचना औजार उपकरणहरुको उपलब्धता
- संस्था, कालो सूचीमा नपरेको स्वघोषित पत्र
- प्रस्ताव गरेका विज्ञहरुको सहमती पत्र, सोही समयमा अन्यत्र कार्य नगर्ने स्वघोषणा र व्यक्तीगत विवरण (CV)

## १३. सेवा प्रदायकको छनौट प्रकृया :-

### (क) प्रस्ताव माग

ईच्छुक सेवा प्रदायकलाई बुँदा नं. १२ वमोजिमका कागजात संलग्न राखी आशयपत्रदाताहरुलाई पन्ध्र दिनको सुचना दिई प्राविधिक र आर्थिक प्रस्तावनाहरु अलग अलग शिलवन्दी गरी पेश गर्न लगाईने छ । प्राविधिक र आर्थिक प्रस्तावको ढाचाँ अनुसुची (१) र अनुसुची (२) वमोजिम हुनेछ ।

### (ख) प्रस्तावको छनौट :-

सि.नं. १३(क) वमोजिम पर्न आएका प्राविधिक तथा आर्थिक प्रस्तावहरुको सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा उल्लेखित प्रावधानहरुको आधारमा रही मूल्याङ्कन गरिने छ । पहिले प्राविधिक प्रस्ताव मूल्याङ्कन गरेर मात्र आर्थिक प्रस्तावको मूल्याङ्कन गरिनेछ । प्राविधीक प्रस्तावको मूल्याङ्कन भार ८० % र आर्थिक प्रस्तावको मूल्याङ्कन भार २०% हुनेछ । मूल्याङ्कनमा सवैभन्दा वढी अंक प्राप्त गर्ने प्रस्तावदातालाई यस कार्यका लागी छनौट गरिनेछ ।

## १४. कार्यक्रमको लागी वजेट

यस कार्यक्रमको लागी मु.अ.कर समेत ९३६६५७/- रहेको छ ।

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख

# अनुसुची-१

## प्राविधिक प्रस्तावको ढाचाँ

१. परामर्श दाताको परिचय
(नाम, ठेगाना, सम्पर्क व्यक्ती, ईमेल आदी)
२. परामर्शदाताको अनुभव
३. विस्तृत विधी (methodology)
४. कार्ययोजना (Action plan)
५. जनशक्ती र उनीहरुको सहमती पत्र
६. अन्य आवश्यक विषय

# अनुसुची-२

## आर्थिक प्रस्तावको ढाचाँ

| क.स. | विवरण | ईकाई | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | जनशक्ती<br>क<br>ख<br>ग | | | | | |
| | स्थलगत फिल्ड अवलोकन वैठक/अन्तरकृया छलफल मसलन्द/सामग्री सवारी साधन/यातायात रिपोर्ट तयारी विविध | | | | | |
| | जम्मा | | | | | |
| | मु.अ.कर | | | | | |
| | कूल जम्मा | | | | | |

अधिकृतस्तर (आठौं)

महाशाखा प्रमुख